फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्याः- ०८१/८२
चलानी नम्बरः-

मितिः-२०८१/०७/१३
ने.सं.:-११४४ कौलागा १२, मंगलबार

## विज्ञप्ति

वि.सं. २०८१ सालको शुभ दिपावली, नेपाल सम्वत् ११४५, छठ लगायतका राष्ट्रिय पर्वहरूको सुखद उपलक्ष्यमा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, निजी तथा संगठित संस्थामा आबद्ध पदाधिकारी एवं कर्मचारी, सञ्चारकर्मी तथा समस्त मकवानपुर जिल्लावासीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको लागि जिल्ला प्रशासन कार्यालय, मकवानपुर परिवार हार्दिक शुभकामना व्यक्त गर्दछ ।

तिहार तथा छठ पर्वका समयमा जिल्लाभित्र शान्ति सुरक्षालाई प्रभावकारी तुल्याउन व्यापक रूपमा सुरक्षाकर्मी टोल/समुदाय क्षेत्रमा परिचालन गरी गस्ती बढाइएको र शान्तिपूर्ण एवं सौहार्दपूर्ण वातावरणमा चाडपर्व मनाउन मिति २०८१-०७-०९ को जिल्ला सुरक्षा समितिको बैठकबाट देहाय अनुसारको निर्णय समेत भएको हुँदा सो बमोजिम गर्नु, गराउनु हुन सबै सरोकारवालाहरूमा हार्दिक अनुरोध छ ।

क. चाडपर्वको समयमा आफूले खुशीयाली मनाउँदा/मनोरञ्जन गर्दा अन्य व्यक्ति, छिमेकी, टोल, समुदाय र सार्वजनिक जीवनमा असर नपर्ने गरी मनाउने,

ख. देउसी तथा भैलो लगायतका साँस्कृतिक मनोरञ्जनात्मक कार्यक्रमहरू राती ०९:०० बजेसम्म मात्र सञ्चालन गर्ने,

ग. तिहार र छठ पर्व मनाउने क्रममा पटाका, भुईचम्पा, आतिशवाजी जस्ता प्रज्वलनशील पदार्थको प्रयोगबाट सर्वसाधारणको स्वास्थ्य, सुरक्षा लगायत समग्र जनजीवनमा प्रतिकूल असर पर्ने हुँदा त्यस्ता पदार्थको भण्डारण, विक्री वितरण, ओसार पसार तथा प्रयोग नगर्ने, नगराउने,

घ. जुवा/तास/लंगुरबुर्जा खेल्ने खेलाउने जस्ता कानूनले निषेध गरेका क्रियाकलापहरू नगर्ने, नगराउने,

ङ. सार्वजनिक स्थलमा मादक पदार्थ सेवन गरी होहल्ला गर्ने, झैझगडा गर्ने लगायतका समाजमा अशान्ति सिर्जना गर्ने क्रियाकलापहरू नगर्ने, नगराउने ।

साथै, मिति २०७९-०४-११ को नेपाल राजपत्र अनुसार नेपाल सरकारले नेपालभर प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात, विक्री वितरण वा भण्डारण गर्न पूर्ण रूपमा रोक लगाएकोले सो कार्य नगर्नु, नगराउनु हुन अनुरोध गर्दै प्रचलित कानून विपरितका गतिविधि/क्रियाकलाप सञ्चालन गराइएको पाईए प्रचलित सम्बद्ध कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तीर्थराज चिलुवाल
प्रमुख जिल्ला अधिकारी